आज मिति २०८२/०३/०५ गते यस राप्ती गाउँकार्यपालिकाको आ.व. २०८१/०८२ को २७ औं बैठक गाउँपालिका **अध्यक्ष श्री प्रकाश बिष्ट ज्यू** को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री प्रकाश बिष्ट | अध्यक्ष | [signature] |
| २. | श्री कमलपती चौधरी | उपाध्यक्ष | [signature] |
| ३. | श्री गेमे खड्का | सदस्य | [signature] |
| ४. | श्री पहलवान चौधरी | सदस्य | [signature] |
| ५. | श्री उमेश अधिकारी | सदस्य | |
| ६. | श्री विर बहादुर चौधरी | सदस्य | |
| ७. | श्री देव प्रसाद चौधरी | सदस्य | [signature] |
| ८. | श्री दिपक कुमार चौधरी | सदस्य | [signature] |
| ९. | श्री सिताराम चौधरी | सदस्य | [signature] |
| १०. | श्री चन्द्र बहादुर गुरुङ | सदस्य | |
| ११. | श्री रिमबहादुर सुनारी मगर | सदस्य | [signature] |
| १२. | श्री पार्वती सुबेदी | सदस्य | [signature] |
| १३. | श्री चम्फा भुसाल | सदस्य | [signature] |
| १४. | श्री रणबहादुर पुजाली सार्की | सदस्य | [signature] |
| १५. | श्री गीता चौधरी | सदस्य | [signature] |
| १६. | श्री सावित्री चौधरी | सदस्य | [signature] |
| १७. | श्री संजिव परियार | सदस्य | [signature] |
| १८. | श्री देविराम पाठक | सचिव | [signature] |
| | | **आमन्त्रित** | |
| १९. | श्री विश्वास वि.क. | वरिष्ठ शिक्षा अधिकृत | [signature] |
| २०. | श्री लेखा भण्डारी | वरिष्ठ लेखा अधिकृत | [signature] |
| २१. | श्री अनिल आचार्य | प्रशासकीय अधिकृत | [signature] |
| २२. | हेमन्ता हेग्मी | को. ह. | [signature] |
| २३. | | | |

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः २७
मितिः २०८२/०३/०५ गते,विहिबार

निर्णयहरुः

१. आ.व २०८१/०८२ को २७ औं गाउँकार्यपालिका बैठकको समिक्षा गरियो। निर्णय भएका विषयहरु कार्यान्वयन भएको र केहि विषयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

२. गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रममाथि छलफल गरियो ।नीति तथा कार्यक्रम अनुमोदनका लागि दोस्रो गाउँसभाको, सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने ।

३. राप्ती गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन कार्यविधि (पहिलो संशोधन) २०८२ स्वीकृत गर्ने ।

४. नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/०१/०१ गतेको राजपत्रमा प्रकाशित सूचना वमोजिम राप्ती गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धताको लागि कार्यालयलाई कोषमा सूचिकृत गर्ने ।साथै उक्त कार्यको लागि बजेट विनियोजन गर्ने ।

५. तपसिलका विविध विषयहरुः

- मिति २०८२ असार ६ गते राप्ती गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्ने कार्यक्रम तय भएको साथै उक्त सभामा गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधी तथा कार्यालयका कर्मचारी समेत सरिक हुनुपर्ने भएकोले सूचना जारी गरी गाउँपालिका तथा वडावाट जारी गरिने अत्यावश्यक बाहेकका सेवा प्रवाह वन्द गर्ने ।
- दोस्रो गाउँसभा, सातौं अधिवेशनको पहिलो बैठकमा लुम्बिनी प्रदेशका माननीय सभामुख श्री तुलाराम घर्तीमगर ज्यूलाई सभा अवलोकन तथा विशेष सम्वोधनको लागि आमन्त्रण गर्ने ।
- राप्ती गाउँकार्यपालिकाको मिति २०८१/१०/२७ गतेको निर्णयानुसार ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल र यातायात व्यवस्था सेवा कार्यालय, राप्ती उपत्यका, भालुवाङ दाङलाई साविक लालमटीया वडा नं ३ को कित्ता नं २४ को जग्गा निःशुल्क उपलब्ध गराउन सिफारिस गर्ने सम्वन्धमा निर्णय भएकोमा उक्त जग्गा राप्ती गाउँपालिका वडा नं १ पाखापानीमा रहेको नवप्रतिभा आधारभूत विद्यालयको आवादी जग्गा रहेको र विद्यालयले भोगचलन गर्दै आएको भनि यातायात व्यवस्था सेवा कार्यालय राप्ती उपत्यका दाङको पत्र र १ नं वडा कार्यालयको जग्गा नामसारी सिफारिसमा उल्लेख छ ।

मिति २०८२ वैशाख ३० गतेको श्री नवप्रतिभा आ.वि. पाखापानीको विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकसमेतको संयुक्त निर्यण र १ नं वडा कार्यालयको च.नं २१५४ मिति २०८२/०२/०१ गतेको सिफारिस वमोजिम कित्ता नं २४,११ र २१ को जग्गाको प्रमाणपूर्जा विद्यालयको नाममा प्राप्त नभएकोले जग्गाधनी पूर्जा उपलव्ध गराउन सिफारिस गर्न अनुरोध भएकोमा फिल्डबुक र ट्रेस नक्साको आधारमा उक्त जग्गा विद्यालयको नाममा नियमानुसार दर्ता गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने ।

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः २७
मितिः २०८२/०३/०५ गते,विहिबार

<u>राप्ती गाउँपालिकाको मिति २०८२/०३/०५ गतेको २७ औं गाउँकार्यपालिका बैठकका प्रस्तावहरुः</u>

| क सं | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | २६ औं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | • आ.व २०८१/०८२ को २६ औं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| (२) | गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम सम्वन्धमा। | • गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रममाथि छलफल गर्ने र गाउँसभामा पेश गर्ने। | |
| (३) | कार्यविधि संशोधन सम्वन्धमा । | • राप्ती गाउँपालिकाको विपद् व्यवस्थापन कोष संचालन कार्यविधि पहिलो संशोधन स्वीकृत गर्ने । | |
| (४) | सामाजिक सुरक्षा कोषमा अवद्धता सम्वन्धमा। | • राप्ती गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धताको लागि कार्यालयलाई कोषमा सूचिकृत गर्न प्रकृया अगाडि बढाउने । | |
| (५) | विविध विषयहरु । | • विविध विषयहरुमा छलफल तथा निर्णय गर्ने<br>➢ गाउँसभा हुने समयमा अत्यावश्यक बाहेकका सेवा प्रवाह वन्द गर्ने ।<br>➢ दोस्रो गाउँसभा, सातौं अधिवेशनको पहिलो बैठकमा लुम्बिनी प्रदेशका माननीय सभामुखज्यूलाई विशेष सम्वोधनको लागि आमन्त्रण गर्ने ।<br>➢ श्री नवप्रतिभा आ.वि. पाखापानीले भोगचलन गरिरहेको जग्गा विद्यालयको नाममा नियमानुसार कायम गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने । | |